# लालबन्दी नगरपालिका

# स्थानीय राजपत्र

**लालबन्दी नगरपालिकाद्धारा प्रकाशित**

खण्डः ६, सख्या : ७, लालबन्दी, मंसिर १ गते, २०७९ साल

## भाग - २

### लालबन्दी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### लालबन्दी, सर्लाही
### मधेश प्रदेश, नेपाल

लालबन्दी नगरपालिकाको नगर कार्यपालिकाले तल लेखिए बमोजिमको **(बिपन्नसँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९)** कार्यविधि सर्वसाधारणहरुको लागि प्रकाशित गरिएको छ ।

**संवत् २०७९ सालको कार्यविधि नं. ५**

# लालवन्दी नगरपालिकाको
# विपन्नसँग नगरप्रमुख कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

**प्रस्तावना :**

स्थानीय नागरिक प्रति सरकारको जिम्मेवारी बहन गर्न अति विपन्न, अपांग, विपदमा परेका तथा संकटासन्न नागरिकहरुको संरक्षण गर्न तथा जीविकोपार्जनका आधार सिर्जना गरी जीवनस्तर सुधार गर्न नगरपालिकाले विपन्न नगरवासीसँग नगरप्रमुख कार्यक्रमको परिकल्पना गरेको छ । सो कार्यक्रमलाई नतिजामुखी र नागरिकमैत्री बनाउन लालबन्दी नगरपालिकाको नगरसभाले पारित गरेको नगरस्तरिय कार्यक्रम "विपन्न नगरवासीसँग नगर प्रमुख कार्यक्रम" कार्यान्वयनका लागि "लालबन्दी नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७५" को दफा ४ ले दिएको अधिकार प्रयोग गरि  लालवन्दी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## भाग १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम : **"लालवन्दी नगरपालिकाको विपन्नसँग नगर प्रमुख कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो मापदण्ड तत्काल लागू हूने छ ।

**२. परिभाषा र व्याख्या :**यो कार्यविधिमा,

(क) "राहत" भन्नाले विपदमा परी जोखिममा रहेका नागरिकलाई तत्कालको व्यवस्थापनका लागि उपलव्ध गराउने नगद रकम सम्झनु पर्दछ । सो शव्दले जिन्सी सामाग्री समेतलाई जनाउँछ।

(ख) "पूर्ण क्षति" भन्नाले प्राकृतिक  तथा मानवीय कारणवाट भौतिक संरचना, अन्न, नगद, पशुपंक्षी तथा जिन्सी पुर्णरुपमा नष्ट भई

तत्काल वसोवास र दैनिक गुजाराको अन्य कुनै विकल्प नभएको अवस्था सम्झनु पर्दछ।

(ग) "आंशिक क्षति" भन्नाले प्राकृतिक तथा मानवीय कारणवाट भौतिक संरचना, अन्नबाली, चौपाया दोपाया, नगद तथा जिन्सीमा आंशिक क्षति भएको तर वसोवास र दैनिक गुजाराको अन्य वैकल्पिक व्यवस्था कायमै रहेको अवस्था सम्झनु पर्छ।

## भाग २

## सुविधा र मापदण्ड

**३. बिपद् राहत सम्बन्धी मापदण्ड** : (१) प्राकृतिक तथा मानवीय कारणबाट विपद्मा परेका नागरिकलाई तत्कालको व्यवस्था गर्न देहाए बमोजिम राहत प्रदान गरिने छ।

क) विपदमा परी मानवीय क्षति भएमा अन्तिम सँस्कारका लागि प्रति मृतक रु.१५०००।०० राहत उपलव्ध गराईने छ ।

ख) विपदमा परी गम्भीर घाईते भएमो चिकित्सकको परामर्शको आधारमा अवस्था हेरी प्रति घाईते रु. १००००।०० सम्म सहायता उपलव्ध गराईने छ।

ग) विपदमा परि चल अचल सम्पत्तिमा क्षति भएको अवस्थामा पचास हजार देखि पाँच लाख सम्मको आंशिक क्षति भएमा रु.५०००।०० सम्म राहत उपलव्ध गराईने छ।

घ) रु.पाँचलाख सम्मको पूर्ण क्षति वा रु.पाँचलाखदेखि दश लाख सम्मको आंशिक क्षति भएमा प्रति परिवार राहत स्वरुप रु.१००००।०० उपलव्ध गराईने छ।

ङ) पाँचलाखभन्दा बढीको पूर्ण क्षति वा रु.१० लाख भन्दा बढीको आंशिक क्षति भएमा रु.१५०००।०० राहत उपलव्ध गराईने छ।

(२) यस दफामा उल्लेखित सिमा भन्दा बढी सहायता प्रदान गर्नूपर्ने अबस्था आएमा सोको औचित्यको आधार सहित विपद समितिले नगर कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्ने छ ।

**४. उपचार सहायता सम्वन्धी व्यवस्था : (१)** देहायको अवस्थाका नागरिकहरुलाई यो सहायता उपलव्ध गराईने छ

(क) अति विपन्न तथा अपांग समुदायका विरामी तथा दीर्घरोगी

(ख) दुर्घटनाका विरामी

(२) उपदफा (१) बमोजिम सुविधा पाउन योग्य व्यक्तिहरुले कार्यालयमा निवेदन दिएमा निवेदकको प्राथमिक स्वास्थ्य केन्द्र लालवन्दीमा निशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईने छ । स्वास्थ्य परीक्षण प्रतिवेदन समेतको आधारमा आवश्यकता हेरी देहाय बमोजिम कुनै एक वा एकभन्दा बढी सुविधा उपलव्ध गराउन सकिनेछ ।

(क) स्वास्थ्यकर्मी वा चिकित्सकले सल्लाह बमोजिम बढीमा दुईहजार रुपैयाँसम्मको औषधी,

(ख) दीर्घरोगीको हकमा बढीमा पाँचजना सम्मको स्वास्थ्य वीमा,

(ग) तत्काल उपचार आवश्यक पर्ने भए उपचार गर्न नेपालभित्रको स्वास्थ्य संस्थासम्म पुग्न लाग्ने दुईजनाको भाडा रकम र सेवाशुल्क वापत अधिकतम दुईहजारसम्मको रकम ।

(३) औषधी प्राथमिक स्वास्थ्यकेन्द्र लालवन्दीबाट उपलव्ध गराईने छ। यस कार्यविधिको सुविधा बमोजिम उपलव्ध गराएको औषधी बरावरको रकम स्वास्थ्य केन्द्रलाई मासिक शोधभर्ना उपलव्ध गराईने छ।

(४) नेपाल सरकारबाट निशुल्क उपलव्ध गराईने सूची बमोजिमका औषधीको शोधभर्ना दिईने छैन ।

(५) प्राथमिक स्वास्थ्य केन्द्रबाट औषधी उपलव्ध गराउने व्यवस्था नभएसम्म आधारभूत स्वास्थ्य तथा सरसफाई शाखाले आवश्यक व्यवस्था मिलाउने छ।

**५. अति विपन्न नागरिकहरुलाई उपलव्ध गराईने सुविधा :** (१) अति विपन्न समुदायका नागरिकहरुले सहायताका लागि नगरपालिकामा निवेदन दिएमा नगरपालिकाले देहायबमोजिम गर्नेछ।

(२) निजको विपन्नताको अवस्थाको पहिचान गर्न देहाय बमोजिमको समिति गठन गरिने छ।

(क) आर्थिक विकास समितिको संयोजक - संयोजक

(ख) उद्यम विकास शाखा प्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कृषि वा पशु विकास शाखा प्रमुख -सदस्य

(घ) सम्वन्धित वडाअध्यक्ष - सदस्य

(ङ) कार्यक्रमको फोकल पर्सन - सदस्य

(३) कार्यालयमा निवेदन प्राप्त भए पश्चात समितिबाट स्थलगत अनुगमन गरी अनुसूची १ बमोजिमको प्रतिवेदन गर्नु पर्नेछ।

(४) प्रतिवेदन समेतको आधारमा निजलाई देहाय मध्ये बढीमा कुनै तीन सुविधा उपलव्ध गराउन सकिनेछ।

(क) कम्तिमा एक महिनको लागि खाद्यान्न सुविधा

(ख) बढीमा रु २५०० सम्मको लत्ता कपडा

(ग) वढीमा एक वण्डल जस्तापाता

(घ) वढीमा रु १००००।० सम्मको व्यवसाय अनुदान

यस खण्ड बमोजिमको व्यवसाय अनुदान भन्नाले देहायको सुविधा सम्भनु पर्दछ,

(क) प्लास्टिक टनेल, कृषि मोटर, वीउविजन जस्ता कृषि सामाग्री

(ख) पशुपालनका लागि दुईवटा सम्म वाखा, वंगुरको पाठा वा २० वटा सम्म हाँस कुखुराको चल्ला ।

(ग) शिप प्राप्त भएकाहरुको लागि सम्वन्धित प्राविधिक विज्ञको सिफारिसमा व्यवसाय सहजीकरणका वढीमा पाँचहजारसम्मका प्रारम्भिक औजार सामाग्रीहरु

(घ) परिवारको कम्तिमा एक सदस्यलाई शीप विकास तालिम

(५) अति विपन्न नागरिक कुनै कारणवाट मृत्यू भई निजको शवरीक्षण, दाहसस्कार वा काजक्रिया गर्न समस्या भई सम्वन्धित वडा समितिले सिफारिस गरेमा सो कार्यको लागि दफा ५(२) बमोजिम गठित समितिको निर्णय समेतको आधारमा निजको परिवार वा उक्त कार्य गर्ने व्यक्तिलाई प्रचलित बजार दर बमोजिम एकतर्फि यातायात खर्च र एकमुष्ठ रु.पाँचहजार थप आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

६. **आर्थिक सहायता :** कुनै नागरिकलाई तत्कालको व्यवस्था गर्न आवश्यक देखेमा नगरप्रमुखले रु एकहजारसम्म आर्थिक सहायता दिन सक्नेछ । यस दफा बमोजिमको आर्थिक सहायता पाएको व्यक्तिले यस कार्यविधिको अन्य सुविधा दावी गर्न पाउने छैन।

## भाग ३

## विविध

७. **सहायताका लागि पेश गर्नुपर्ने कागजात :** (१) विपद् राहत पाउने व्यक्तिले देहायका कागजातहरु सहित नगरपालिका वा वडा कार्यालयमा निवेदन दिन सक्नेछ ।

क) सरकारी निकायद्वारा जारी भएको पहिचान प्रमाण पत्र ।

ख) वडा कार्यालयको शिफारिस पत्र

ग) विपद्को हकमा प्रहरी सर्जमिन मूचूल्का तथा विपद् भएको देखिने फोटो ।

ङ) व्यवसायिक दर्ता प्रमाण पत्र (व्यवसायमा भएको क्षतिको हकमा) ।

**८. एकपटक मात्र उपलव्ध गराईने** : (१) यस कार्यविधि बमोजिम आकास्मिक दुर्घटना र विपद बाहेका सुविधाहरु एक आर्थिक वर्षमा एकपटकमात्र उपलव्ध गराईने छ ।

(२) कुनै वर्षमा दफा ५ को उपदफा (४) को खण्ड (ग) र (घ) बमोजिमको सुविधा प्राप्त भएको व्यक्तिलाई पुन सो सुविधा उपलव्ध हुने छैन ।

**९. वडा कार्यालयबाट उपलव्ध गराउन सकिने** : (१) यस कार्यविधिमा उल्लेखित सुविधा वडा कार्यालयबाट उल्लेखित कागजपत्रको आधारमा उपलव्ध गराउन आवश्यक व्यवस्था मिलाउन सकिने छ ।

**१०. अन्य कार्यक्रमसँग समाहित गरिने :** यस कार्यविधि बमोजिम सुविधा पाउने कुनै नागरिकको सुविधा कार्यालयका स्वास्थ्य, कृषि, पशुपंक्षी, उद्यम विकास, शीपविकास तथा रोजगारी सिर्जना लगायत सम्वन्धित विषयक्षेत्र अन्य कार्यक्रम समाहित गर्न सकिनेछ ।

**११. फोकल पर्सनको व्यवस्था :** यस कार्यविधि बमोजिम निवेदन संकलन, र सो को कार्यविधि बमोजिम आवश्यक सम्पूर्ण कार्य गर्न तथा कार्यविधि बमोजिमको सुविधा उपलव्ध गराउने सम्वन्धि सहजीकरण गर्ने कार्यका

लागि प्रमुख प्रशासकीय अधिकृतले कार्यालयको अधिकृत तहको कर्मचारीलाई कार्यक्रम फोकल पर्सन तोक्नेछ।

**१२. वाधा अड्काउ फुकाउने** : यो कार्यविधि कार्यान्वयनमा कुनै वाधा अड्काउ पर्न गएमा नगरप्रमुखले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची- १

## विपन्न पहिचान प्रतिवेदन

## (दफा (५) को उपदफा (३) सँग सम्वन्धित)

१. निवेदको नाम : ......................... २. ठेगाना : .......................

३. परिवार संख्या ........ ( १८ वर्ष मुनी........., १८ माथि ६० मुनी ......

६० वर्ष माथि.............)

४. परिवारको मुख्य पेशा ........................

५. आयको मूख्य स्रोत.................................

६. अनुमानित मासिक आय ..................................

७. परिवारको स्वामित्व वा हकभोगमा रहेको जग्गाको क्षेत्रफल र प्रकार

..........................................................................................

८. घर संरचनाको अवस्था

..........................................................................................

९. खाद्यान्न मौज्दातको

अवस्था...................................................................................

१०. लत्ता कपडाको अवस्था (लगाउने, ओढ्ने, ओछ्याउने)

..........................................................................................

११. कुनै सदस्यले कुनै शीपमूलक वा व्यवसायमूलक तालिम लिएको भए

तालिमको नाम र तालिम लिनेको संख्या

..........................................................................................

१२. शीपमूलक तालिम नलिएको भए लिन चाहेका तालिमको नाम

..........................................................................................

१३. अन्य उल्लेख गर्नुपर्ने

विषयहरु................................................................................

..............................................................................................

..............................................................................................

.................................................................

१४. समितिको सिफारिस

..............................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

...................................................................................................

सदस्यको नाम र हस्ताक्षर (कम्तिमा ३ जनाको)

१.

२.

३.

**प्रमाणिकरण मिति : २०७९/०७/३०**

**आज्ञाले,**
**तारानाथ लुइटेल**
**प्रमुख प्रशासकीय अधिकृत**

**फुटकर मूल्य रु.१०/-**